# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, वैशाख २६ गते, २०८० साल (अतिरिक्ताङ्क ३

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपाल सरकारले भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी खण्ड ७०) अतिरिक्ताङ्क ८(ख), मिति २०७७।०२।१५ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी आदेशको दफा १ मा देहाय बमोजिम संशोधन गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ङ) डेस्कटप कम्प्यूटर वा ल्यापटप, ट्याब, घडी, क्यामरा, भिडियो क्यामरा र प्रयोग गरिरहेको सेलुलर मोबाइल फोन एक/एक थान,

तर श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई कम्तीमा लगातार छ महिना काम गरी फर्केका नेपाली नागरिकले आफ्नो साथमा थप एक थान नयाँ सेलुलर मोबाइल फोन ल्याएमा सो वापत लाग्ने महसुल पूर्ण रुपमा छुट हुने र त्यस्तो थप एक थान नयाँ सेलुलर मोबाइल फोनको हकमा भन्सार प्रक्रिया पूरा गर्नु पर्नेछ।"

२. उपदफा (३) को खण्ड (क) मा रहेको "रेडियो," भन्ने शब्द पछि "सेलुलर मोबाईल फोन" भन्ने शब्दहरु थपिएका छन्।

**आज्ञाले,**
**डा. अर्जुन कुमार खड्का**
**सहसचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।